# कर्मचारी आवश्यकता

## सूचना प्रकाशन मिति :२०७६।९।१९

फ्रेन्ड्स सर्भिस काउन्सिल नेपाल (FSCN) ललितपुरले यूरोपियन यूनियनको आर्थिक सहयोगमा सयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (UNDP) मार्फत **“ नेपालको शहरी क्षेत्रको बहुप्रकोप जोखिमको न्यूनीकरण तथा आकस्मिक प्रतिकार्य क्षमता अभिबृद्धि परियोजना ”** का लागि कर्मचारीहरु आवश्यक भएकोले योग्यता पुगेका इस्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र कार्यालय समयमा आइपुग्ने गरी दरखास्त आह्वान गरिन्छ । परियोजना अवधि १५ देखि १८ महिना सम्म रहने छ ।

| | |
|---|---|
| **१.** | **परियोजना सहयोग अधिकृत - १ जना** |

**योग्यता :**

मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि बिषयमा स्तानक तह उर्तिण गरी परियोजनासंग मिल्दो र समुदायमा आधारित विकासका कार्यक्रममा ५ बर्षको कामको अनुभव भएको तथा स्थानीय निकायको संचरना तथा कार्य संचालन तौर तरिकाबारे जानकार रहेको, तथ्यांक संकलन र ब्यबस्थापन सम्बन्धी ज्ञान र सीप भएको ।

**भूमिका तथा जिम्मेवारी**

- महानगरका सम्बन्धीत वडाहरुमा उल्लेखित आयोजनाको विस्तृत क्रियाकलाप तयारी तथा कार्यान्वयन गर्नका लागि महानगरपालिकामा रहेका UNDP का प्राविधीक अधिकृतलाई सहयोग गर्ने ।
- परियोजना सञ्चालनका समयमा कार्यान्वयन, अनुगमन, तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन लेखनमा प्राविधीक अधिकृतलाई सहयोग गर्ने ।
- परियोजना स्तरका कार्यक्रम अनुगमनका लागि दातृ निकाय तथा सरोकारवालाहरुलाई सहजिकरणका लागि सहयोग गर्ने ।
- ललितपुर महानगरपालिकामा रहेका प्राविधीक अधिकृतसंगको समन्वय र सहकार्यमा कार्य गर्ने ।
- वडा कार्यालयहरु र सम्बन्धीत सरोकारवालाहरुसंग समन्वय र सहकार्य गर्न सहयोग गर्ने ।
- संस्थाको निती नियम भित्र रहि संस्थाको हित र विकासको कार्यमा योगदान पुऱ्याउने ।

| | |
|---|---|
| **२.** | **सामाजिक विकास कार्यकर्ता -२ जना** |

**योग्यता :**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि बिषयमा स्तानक तह उर्तिण, जिल्लाको स्थानीय र सामाजिक विकास सहजकर्ताको रुपमा ३ बर्ष काम गरेको अनुभव हुनुका साथै योजना कार्यन्वयन तथा प्रगति प्रतिवेदन लेखन सीप भएको, परियोजना सम्बृद निकायसंग स्पष्ट रुपमा संचार गर्न सक्ने ।

**भूमिका तथा जिम्मेवारी :**

- महानगरपालिकामा रहेका UNDP का प्राविधीक अधिकृतसंगको समन्वय, सहकार्यमा र परियोजना सहयोग अधिकृतको मातहतमा रही परियोजना सम्बन्धी क्रियाकलापहरु सरोकारवाला व्यक्ति एवं निकायसंगको सम्पर्क, समन्वय तथा सहकार्यमा सञ्चालन गर्ने ।
- महानगरपालिकाका वडा तथा समुदायमा वैठक तथा भेलाहरु आयोना गर्न सहयोग गर्ने ।
- शहरी जोखिममा परेका समुदायहरुको जोखिम व्यवस्थापनका तौर तरिकाहरुबारे जानकारी दिन सहयोग गर्ने ।

| | |
|---|---|
| **३.** | **तथ्यांक संकलनकर्ता - केही** |

- मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम १२ कक्षा उतिर्ण गरी समुदायमा गणकको कार्य गरेको अनुभवी नेपाली नागरिक । मोबाइलमा आधारित तथ्यांक सङ्कलन कार्य गरेको लाई ग्राह्यता दिइने छ र यो पद छोटो अबधीका लागि मात्र कायम रहने छ ।

**कार्यक्षेत्र :** ललितपुर महानगरपालिका वडा नं १६ र वडा नं १९

**आवेदन दिने ठेगाना :** hr@scnepal.org

**आवश्यक कागजात :** निवेदन पत्र, साथै आफ्नो व्यक्तिगत विवरण (Curriculum Vitae), सम्बन्धित तालिम प्रमाणपत्रका प्रतिलिपि तथा अनुभवको प्रमाणपत्रका प्रतिलिपि ।

**तलब सुविधा :** परियोजनको नियमानुसार ।

**प्राथमिकता :** स्थानीय, दलित, जनजाति तथा महिला अनुभवीलाई प्राथमिकता दिइनेछ ।

**नोट :** रीत नपुगेका र समयमा प्राप्त नभएका निवेदन मान्य हुने छैनन् र कर्मचारी छनोट प्रक्रियामा कुनै पनि टेलिफोन कल स्वीकार्य हुनेछैन र प्राथमिक चरणमा छनौट भएकालाई मात्र लिखित, अन्तर्वार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिनेछ ।